बैठक संख्याः ३२

बैठक मितिः २०८१/०१/२८

आज मिति २०८१/०१/२८ गते गुराँस गाउँपालिकाको बत्तीसौं कार्यपालिका बैठक गाउँपालिका अध्यक्ष श्री टोप बहादुर बि.सी. ज्यूको अध्यक्षतामा तपसिलको उपस्थितिमा बसी तपसिलका प्रस्तावहरुमा छलफल गरि देहायका निर्णयहरु पारित गरियो ।

तपसिल

| | |
|---|---|
| १. श्री टोप बहादुर बि.सी. | - गाउँपालिका अध्यक्ष |
| २. श्री शिवा कुमारी खड्का | - गाउँपालिका उपाध्यक्ष |
| ३. श्री धर्म बहादुर रावल | - वडा अध्यक्ष, वडा नं. १ |
| ४. श्री शेर बहादुर रावल | - वडा अध्यक्ष, वडा नं. २ |
| ५. श्री काँशिराम शर्मा | - वडा अध्यक्ष, वडा नं. ३ |
| ६. श्री खड्क बहादुर शाही | - वडा अध्यक्ष, वडा नं. ४ |
| ७. श्री भुपेन्द्र बहादुर चन्द | - वडा अध्यक्ष, वडा नं. ५ |
| ८. श्री चन्द्र बहादुर राना | - वडा अध्यक्ष, वडा नं. ६ |
| ९. श्री नन्द बहादुर बिं.सी. | - वडा अध्यक्ष, वडा नं. ७ |
| १०. श्री दीपेन्द्र वली | - वडा अध्यक्ष, वडा नं. ८ |
| ११. श्री अमृता कुमारी बि.सी. | - सदस्य |
| १२. श्री विर्मा वि.क. | - सदस्य |
| १३. श्री कुल बिर वि.क. | - सदस्य |
| १४. श्री सम्झना कुमारी बुढा | - सदस्य |
| १५. श्री पम्फी वि.क. | - सदस्य |
| १६. श्री भुमिसरा वली | - सदस्य |
| १७. श्री दिनेश दाहाल | - सचिव, नि. प्रमुख प्रशासकीय अधिकृत |

सहयोगी कर्मचारी

| | |
|---|---|
| १. श्री मदन प्रकाश मल्ल | - अधिकृत छैठौं |
| २. श्री यज्ञ बहादुर कार्की | - इन्जिनियर |
| ३. श्री पवन कुमार भण्डारी | - आ.ले.प. |

बैठकका प्रस्तावहरुः

१. अघिल्लो बैठकको समीक्षा सम्बन्धमा ।

२. विषयगत समितिहरुको बैठक सम्बन्धमा।

३. श्रोत अनुमान तथा बजेट सिमा निर्धारण समितिको निर्णय अनुमोदन सम्बन्धमा।

४. आ.व. २०८१।८२ का लागि वडास्तरका योजना प्राथिमिकरण सम्बन्धमा।

५. आ.व. २०८१।८२ को लागि बजेट सम्बन्धी सुझाव संकलन सम्बन्धमा।

६. आ.व. २०८१।८२ को नीति तथा कार्यक्रम निर्माण सम्बन्धमा।

७. आ.व. २०८०।८१ को हाल सम्मको प्रगति समिक्षा सम्बन्धमा।

८. स्थानीय पुर्वाधार विकास सहयोग कार्यक्रम सम्बन्धमा।

९. सचिवालय गठन सम्बन्धमा।

१०. स्थानीय विपद पुर्व तयारी तथा प्रतिकार्य योजना सम्बन्धमा।

११. ग्रमिण सामुदायीक विधुतिकरण व्यवस्थापन सम्बन्धमा।

१२. जनता आवास कार्यक्रमका लाभग्राही संसोधन सम्बन्धमा।

१३. सुरक्षित नागरिक आवास कार्यक्रममा लाभग्राही थप गर्ने सम्बन्धमा।

१४. कृषि अनुदान सम्झौता रद्द गर्ने सम्बन्धमा।

१५. गाउँपालिका यातायात गुरुयोजना सम्बन्धमा।

१६. भु-उपयोग परिषद गठन सम्बन्धमा।

१७. भु-उपयोग कार्यान्वयन समिति गठन सम्बन्धमा।

१८. गुराँस गाउँपालिका क्षेत्रको भू-उपयोग वर्गीकरण

१९. गुराँस रोजगार रणनीति सम्बन्धमा।

२०. आ.व. २०८१।८२ का लागि योजनाहरु पेश गर्ने सम्बन्धमा।

२१. सह-आयोजक बापतको रकम भुक्तानी सम्बन्धमा।

२२. विविध

क) नेपाल रेडक्रस सोसाइटीलाई धन्यवाद ज्ञापन सम्बन्धमा।

ख) गुराँस बहुमुखी क्याम्पस, पातिकान्लाको जग्गा प्राप्ति सम्बन्धमा।

ग) सहकारी संस्थाको विवरण अध्यावधिक गर्ने सम्बन्धमा।

घ) वैकल्पिक उर्जा कार्यक्रम कार्यान्वयन सम्बन्धमा।

ङ) सोसेक नेपालसंगको साझेदारीमा परियोजना कार्यान्वयन सम्झौता सम्बन्धमा।

दिनेश दाहाल
नि. प्रमुख प्रशासकीय अधिकृत

टोप बहादुर बि.सी.
अध्यक्ष

गुराँस गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रानीमत्ता,
कर्णाली प्रदेश नेपाल

च) भारतीय दुतावासमा लागत सहभागिताका लागि पत्राचार गर्ने सम्वन्धमा।

छ) बाख्रा पकेट क्षेत्र विकास कार्यक्रमको निरन्तरताका सम्वन्धमा।

ज) मासु प्रवर्धनका कार्यक्रम सम्वन्धमा।

झ) निःशुल्क पशु स्वास्थ्य शिविर संचालन सम्वन्धमा

दिनेश दाहाल
नि. प्रमुख प्रशासकीय अधिकृत

टोप बहादुर बि.सी.
अध्यक्ष

बैठकका निर्णयहरु:

निर्णय नं. १

प्रस्ताव नं. १ माथि छलफल गर्दा अघिल्लो बैठकले गरेका निर्णय कार्यान्वयनका बारेमा बैठकमा समिक्षा गरियो र समिक्षाको क्रममा आंशिक निर्णयहरु कार्यान्वियन भएका र बाँकी निर्णयहरु पनि यथासिघ्र कार्यान्वियन गर्ने निर्णय गरियो ।

निर्णय नं. २

प्रस्ताव नं. २ माथि छलफल गर्दा विभिन्न मितिमा बसेको विषयगत समितिहरुको बैठक बसी हाल सम्म गरेका निर्णयहरु आगामी कार्यपालिकामा समर्थनका लागि पेश गर्ने तथा बैठक बस्न नसकेका समितिहरुको हकमा यथासिघ्र बैठक बस्ने निर्णय गरियो।

निर्णय नं. ३

प्रस्ताव नं. ३ माथि छलफल गर्दा श्रोत अनुमान तथा बजेट सिमा निर्धारण समितिले आ.व.२०८१।८२ को बजेट निर्माणका लागि आवश्यक तयारी गरी आगामी बैठकमा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं. ४

प्रस्ताव नं. ४ माथि छलफल गर्दा आ.व. २०८१।८२ का लागि वडास्तरका योजना प्राथिमिकरण गरि आगामी कार्यपालिका बैठकमा पेश गर्ने निर्णय गरियो।

निर्णय नं. ५

प्रस्ताव नं. ५ माथि छलफल गर्दा आ.व. २०८१।८२ को लागि बजेट सम्बन्धी सुझाव संकलनका लागि सर्वपक्षीय एवमं सर्वदलीय सहभागितामा "गुराँस बजेट संवाद तथा सुझाव संकलन कार्यक्रम २०८१" सञ्चालन गर्ने निर्णय गरियो।

निर्णय नं. ६

प्रस्ताव नं. ६ माथि छलफल गर्दा तपसिलको बजेट तथा कार्यक्रम तर्जुमा समितिलाई आ.व. २०८१।८२ को नीति तथा कार्यक्रमको मस्यौदा २०८१ जेष्ठ १५ सम्म तयार गरि पेश गर्न जिम्मेवारी दिने निर्णय गरियो।

तपसिल:

- गा.पा उपाध्यक्ष — संयोजक
- विषयगत समितिका संयोजकहरु - सदस्य
- नि.प्रमुख प्रशासकीय अधिकृत - सदस्य
- योजना शाखा प्रमुख- सदस्य सचिव

निर्णय नं. ७

प्रस्ताव नं. ७ माथि छलफल गर्दा आ.व. २०८०।८१ को बजेट कार्यान्वयन सम्बन्धमा वैशाख मसान्त सम्मको प्रगति विवरण सहित असार मसान्त सम्मको बजेट कार्यान्वयन कार्ययोजना आगामी बैठकमा पेश गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो।

दिनेश दाहाल
नि. प्रमुख प्रशासकीय अधिकृत

टोप बहादुर बि.सी.
अध्यक्ष

निर्णय नं. ८

प्रस्ताव नं. ८ माथि छलफल गर्दा आ.व. २०८१।८२ को स्थानीय पुर्वाधार सहयोग कार्यक्रममा आवद्द हुन यस गाउँपालिका समेत ईच्छुक रहेको हुँदा तपसिल बमोजिम प्रतिबद्दता गर्ने निर्णय गरियोः

क) स्थानीय तह पूर्वाधार सेवा प्रवाह एवमं मर्मत सम्भार सम्बन्धि कार्यविधि तथा निर्देशिका तयार\परिमार्जन तथा अनुमोदन गर्ने।

ख) मस्तिष्क मन्थनमा आधारित निर्णय प्रकृया अवलम्बन गरि स्थानीय पूर्वाधार सम्बन्धी योजना तथा समावेशी बजेटको निर्माण गर्न, स्थानीय पूर्वाधार विकासका लागि नविनतम र सुधारिएका तरिका, साधन र विधि (modality) अवलम्बन गर्न, र स्थानीय पूर्वाधार सहयोग कार्यक्रम मार्फत प्राप्त हुने सह लगानीलाई समग्र वार्षिक कार्यक्रम तथा बजेटको पूर्वाधार शिर्षकमा समावेश गरी खर्चको लेखाजोखा Sutra प्रणाली बाट गर्ने र नियमित लेखा परिक्षण समेत गर्ने ।

ग) स्थानीय तह वार्षिक योजना तथा बजेटमा स्थानीय पूर्वाधार सहयोग कार्यक्रम सँगको सह-लगानीको हिस्सा (ग्रामिण सडक सुधार/पुर्नस्थापना सम्बन्धि आयोजनामा कम्तिमा २० देखि ४० प्रतिशत, साना सिंचाई, खानेपानी तथा सरसफाई, भवन मर्मत सम्बन्धि आयोजनामा कम्तिमा ४० प्रतिशत, विपद् जोखिम न्यूनिकरण, जलवायु उत्थानशिल र वैकल्पिक उर्जा सम्बन्धि आयोजनामा कम्तिमा २० प्रतिशत) विनियोजन गर्ने।

निर्णय नं. ९

प्रस्ताव नं. ९ माथि छलफल गर्दा गुराँस गाउँपालिका संग सम्बन्धित विभिन्न विषयमा आकस्मिक निर्णय लिन एवमं समस्याहरुको तत्काल समाधान गरि सेवा प्रवाह र कार्यसम्पादनलाई थप प्रभावकारी बनाउन तपसिल बमोजिमको अधिकार सम्पन्न सचिवालय गठंन गर्ने निर्णय गरियो। साथै, उक्त सचिवालयले गरेका निर्णयहरु एवमं अध्यक्षज्यूबाट दिइएका निर्देशनहरु सम्बन्धित पक्षले अनिवार्य कार्यान्वय गर्ने तथा उपरोक्त निर्णय\निर्देशनहरु अनुमोदनका लागि कार्यपालिका समक्ष पेश गर्ने समेत निर्णय गरियो।

तपसिलः

| | |
|---|---|
| गा.पा. अध्यक्षः श्री टोपबहादुर बि.सी | — संयोजक |
| गा.पा. उपाध्यक्षः श्री शिवा कुमारी खड्का | — सदस्य |
| सुशासन तथा संस्थागत विकास समिति संयोजकः श्री दीपेन्द्र ओली | — सदस्य |
| नि. प्रमुख प्रशासकीय अधिकृतः श्री दिनेश दाहाल | — सदस्य |
| जनसम्पर्क सहयोगीः श्री पुर्ण बहादुर ओली \ सीता ओली | — सदस्य |

दिनेश दाहाल
नि. प्रमुख प्रशासकीय अधिकृत

टोप बहादुर बि.सी.
अध्यक्ष

निर्णय नं. १०

प्रस्ताव नं. १० माथि छलफल गर्दा वर्षाको समय नजिकिएको र गुराँस गाउँपालिकाका विभिन्न क्षेत्रहरुमा बाढी, पहिरो, आगलागी, दुर्घटना लगाएतका अन्य विपदको संभावना लाई मध्यनजर गर्दै स्थानीय विपद पुर्व तयारी तथा प्रतिकार्य योजना तयार गर्ने र यस कार्यको प्रभावकारी व्यवस्थापनको लागि प्रभु बैंक रानीमत्तामा सञ्चालनमा रहेको गुराँस गा.पा विपद व्यवस्थापन कोषलाई निरन्तरता दिनुका साथै आवश्यक राहत सामाग्रीहरु समेत व्यवस्था गर्ने निर्णय गरियो।

निर्णय नं. ११

प्रस्ताव नं. ११ माथि छलफल गर्दा ग्रमिण सामुदायीक विधुतिकरण व्यवस्थापनका लागि शाखाले पेश गरेको कार्ययोजना स्वीकृत गर्ने निर्णय गरियो।

निर्णय नं. १२

प्रस्ताव नं. १२ माथि छलफल गर्दा जनता आवास कार्यक्रमका लाभग्राही संसोधन गर्नुपर्ने भनि वडा कार्यालयबाट लेखि आएकाले सोहि बमोजिम सम्वन्धित निकायमा पत्राचार गर्ने निर्णय गरियो।

निर्णय नं. १३

प्रस्ताव नं. १३ माथि छलफल गर्दा सुरक्षित नागरिक आवास कार्यक्रमका लागि वडा कार्यालयको सिफारिस बमोजिम वडा नं.१ बाट २ जना तथा वडा नं. २, ३, ४, ५, ६, ७ र ८ बाट १-१ जना लाभग्राही थप गर्ने निर्णय गरियो।

निर्णय नं. १४

प्रस्ताव नं. १४ माथि छलफल गर्दा आ.व. २०७४।७५ र २०७५।७६ मा यस कार्यालयसंगको कृषि व्यवसाय सञ्चालन सम्वन्धि साझेदारी सम्झौता गरि कृषि अनुदान प्राप्त गरेका विभिन्न कृषि फर्महरुलाई सम्झौता बमोजिम साझेदारी रकम फिर्ता गर्न पटक पटक सूचना गरिएकोमा शारदा ब.उ.सहकारी संस्था, गुराँस-३ तथा शान्ति मा.वि सेरि गुराँस-३ ले मात्र साझेदारी रकम फिर्ता गरि सम्झौता खारेजीको निवेदन प्राप्त भएकाले उक्त संस्था संगको सम्झौता खारेज गर्ने निर्णय गरियो। साथै, हाल सम्म साझेदारी रकम फिर्ता नगरेकालाई पुनः ताकेता गर्ने तथा अब उपरान्त फिर्ता गर्नेहरुको हकमा रितपुर्वक सम्झौता खारेज गर्न कार्यालयलाई जिम्मेवारी दिने निर्णय गरियो।

निर्णय नं. १५

प्रस्ताव नं. १५ माथि छलफल गर्दा सेवा तथा परामर्श शीर्षकबाट भुक्तानी हुने गरि गाउँपालिका यातायात गुरुयोजना अध्यावधिक गर्ने निर्णय गरियो।

दिनेश दाहाल
नि. प्रमुख प्रशासकीय अधिकृत

टोप बहादुर बि.सी.
अध्यक्ष

गुराँस गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रानीमत्ता, दैलेख
कर्णाली प्रदेश नेपाल

निर्णय नं. १६

प्रस्ताव नं. १६ माथि छलफल गर्दा भू-उपयोग ऐन २०७६ को दफा १८ को उपदफा १ र २ बमोजिम तथा भू - उपयोग नियमावली २०७९ अनुसार सम्बन्धित गाउँकार्यपालिकाले स्थानीय भू-उपयोग परिषदको रुपमा काम गर्ने भनि उल्लेख गरेको हुँदा, सोहि बमोजिमको तपसिल अनुसार स्थानीय भू-उपयोग परिषद गठन गर्ने निर्णय गरियो।

| | | |
|---|---|---|
| अध्यक्ष - | श्री टोप बहादुर बि.सी | - गाउँपालिका अध्यक्ष |
| सदस्य - | श्री शिवा कुमारी खड्का | - गाउँपालिका उपाध्यक्ष |
| सदस्य - | श्री धर्म बहादुर रावल | - वडा अध्यक्ष वडा नं. १ |
| सदस्य - | श्री शेर बहादुर रावल | - वडा अध्यक्ष वडा नं. २ |
| सदस्य - | श्री काँशिराम शर्मा | - वडा अध्यक्ष वडा नं. ३ |
| सदस्य - | श्री खड्क बहादुर शाही | - वडा अध्यक्ष वडा नं.. ४ |
| सदस्य - | श्री भुपेन्द्र बहादुर चन्द | - वडा अध्यक्ष वडा नं. ५ |
| सदस्य - | श्री चन्द्र बहादुर राना | - वडा अध्यक्ष वडा नं. ६ |
| सदस्य - | श्री नन्द बहादुर बि.सी | - वडा अध्यक्ष वडा नं. ७ |
| सदस्य - | श्री दीपेन्द्र वली | - वडा अध्यक्ष वडा नं. ८ |
| सदस्य - | श्री अमृता कुमारी बि.सी | - सदस्य |
| सदस्य - | श्री विर्मा वि.क | - सदस्य |
| सदस्य - | श्री कुलविर वि.क | - सदस्य |
| सदस्य - | श्री सम्झना कुमारी बुढा | - सदस्य |
| सदस्य - | श्री पम्फी वि.क | - सदस्य |
| सदस्य - | श्री भुमिसरा वली | - सदस्य |
| सदस्य - | श्री दिनेश दाहाल | - सचिव , नि.प्र.प्र.अ |

निर्णय नं. १७

प्रस्ताव नं. १७ माथि छलफल गर्दा भू-उपयोग ऐन २०७६ को दफा २० बमोजिम स्थानीय भू-उपयोग परिषदको कार्यमा सहयोग गर्न गुराँस गाउँपालिकामा देहाय बमोजिमको भू-उपयोग कार्यन्वयन समिति गठन गर्ने निर्णय गरियो |

गुराँस गाउँपालिका अध्यक्ष — श्री टोप बहादुर वि.सी .................... अध्यक्ष
वडा नं १ अध्यक्ष — श्री धर्म बहादुर रावल ................................ सदस्य
वडा नं २ अध्यक्ष — श्री शेर बहादुर रावल ................................ सदस्य
वडा नं ३ अध्यक्ष — श्री काशीराम शर्मा .................................... सदस्य

दिनेश दाहाल
नि. प्रमुख प्रशासकीय अधिकृत

टोप बहादुर बि.सी.
अध्यक्ष

वडा नं ४ अध्यक्ष — श्री खड्क बहादुर शाही .............................. सदस्य
वडा नं ५ अध्यक्ष — श्री भुपेन्द्र बहादुर चन्द .............................. सदस्य
वडा नं ६ अध्यक्ष — श्री चन्द्र राना .......................................... सदस्य
वडा नं ७ अध्यक्ष — श्री नन्द बहादुर बि.सी .............................. सदस्य
वडा नं ८ अध्यक्ष — श्री दीपेन्द्र ओली ...................................... सदस्य

कृषि शाखा प्रमुख - .................................................................... सदस्य

वन, वातावरण तथा विपद व्यवस्थापन शाखा प्रमुख — ......................... सदस्य

भुमि व्यवस्थापन शाखा प्रमुख — ................................................ सदस्य

भौतिक पूर्वाधार शाखा प्रमुख — ..................................................सदस्य

स्थानीय भु-उपयोग परिषदले सरोकारवालाबाट तोकेको २ जना महिला सहित ४ जना

प्रमुख प्रशासकीय अधिकृत — .................................................. सदस्य-सचिव

**निर्णय नं. १८**

प्रस्ताव नं१८ . माथि छलफल गर्दा भू-उपयोग ऐन २०७६ तथा भू-उपयोग नियमावली २०७९ को मापदण्ड तथा आधारहरुका गुराँस गाउँपालिका क्षेत्रको भू-उपयोग बर्गीकरण गर्ने निर्णय गरियो | साथै, भू-उपयोग ऐन २०७६ तथा भू-उपयोग नियमावली २०७९ को मापदण्ड तथा आधारहरुका अतिरिक्त माथि उल्लेख गरे अनसुार गुराँस गाउँपालिका क्षेत्रको भू-उपयोग मापदण्ड २०८० स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. १९**

प्रस्ताव नं. १९ माथि छलफल गर्दा गुराँस गाउँपालिकाको नीति तथा कार्यक्रमको मर्मलाई आत्मसाथ गर्दै पालिकाभरका बेरोजगार युवा\गुराँसवासीलाई रोजगारीका अवसर प्रदान गर्ने र स्वरोजगार एवमं आत्मनिर्भर बनाउने उद्देश्यका साथ रोजगार सेवा केन्द्रले पेश गरेको गुराँस रोजगार रणनीतिलाई सम्पुर्ण कार्यपालिका सदस्यहरुले अध्ययन गरि आगामी बैठकमा सुझाव सहित पेश गर्न अनुरोध गर्ने निर्णय गरियो।

दिनेश दाहाल
नि. प्रमुख प्रशासकीय अधिकृत

टोप बहादुर बि.सी.
अध्यक्ष

निर्णय नं. २०

प्रस्ताव नं. २० माथि छलफल गर्दा आ.व. २०८१।८२ का लागि बजेट माग गर्ने प्रयोजनका लागि कर्णाली प्रदेश योजना आयोग, सम्बन्धित कार्यालय तथा मन्त्रालय समक्ष तपसिल बमोजिमका योजना तथा कार्यक्रमहरु आवश्यक कागजात सहित पत्राचार गर्ने निर्णय गरियो। साथै, यस उपरान्त माग भई आएका योजना तथा कार्यक्रमहरु अध्यक्ष सचिवालयबाट सम्बन्धित मन्त्रालयमा पत्राचार गर्ने निर्णय गरियो।

तपसिल

**खानेपानी, सिचाई तथा उर्जा विकास कार्यालय, दैलेख**

क) तल्लो डुङ्गेश्वर भित्रीबजार तटबन्धन निर्माण

ख) भ्यूचुला लिफ्टिङ्ग आयोजना

ग) मैनिखोला देखि मैनिखेत सिचाई

**भौतिक पूर्वाधार तथा शहरी विकास मन्त्रालय, कर्णाली प्रदेश**

क) गुराँस गौरव मार्गको स्तरउन्नती

ख) गुराँसे पातिकान्ला स्याउली बजार सडक स्तरोन्नती

ग) १५ शैया अस्पताल निर्माण

घ) चाँदनी घुम्ने विसाउ झुज सडक स्तरोन्नती

ङ) राउटे गल्छिना वडा कार्यालय सडक स्तरोन्नती

च) लुवाखोला देखि चिसापानी तल्लोटोल सिचाई योजना

**ऊधोग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, कर्णाली प्रदेश**

क) गुराँस पर्यटन प्रदर्शनी तथा कोशेली घर निर्माण

ख) गुराँस बजार पर्यटन पुर्वाधार विकास

ग) गुराँसे बोटानिकल पार्क निर्माण

**सामाजिक विकास मन्त्रालय, कर्णाली प्रदेश**

क) एकिकृत नमुना सामुदायिक विधालय (सरस्वती मा.वि पातिकान्ला, लक्ष्मी मा.वि रतिखोला, ने.रा.मा.वि बगौरा, मालिका मा.वि छोटेपोखरा)

ख) गुराँस बहुमुखी क्याम्पस भवन निर्माण

ग) आयुर्वेद अस्पताल ५ सैया , गुराँस ५

घ) राउटे समुदाय उत्थान कार्यक्रम

**भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, कर्णाली प्रदेश**

क) कृषि चिस्यान केन्द्र गुराँस गा.पा वडा नं. ४ र ५

दिनेश दाहाल
नि. प्रमुख प्रशासकीय अधिकृत

टोप बहादुर वि.सी.
अध्यक्ष

निर्णय नं. २१

प्रस्ताव नं. २१ माथि छलफल गर्दा कर्णाली अन्तर्राष्ट्रिय चलचित्र महोत्सव र गुराँस पर्यटन संवाद कार्यक्रमबाट गुराँस गाउँपालिकालाई देशभर पर्यटकीय संभावना बोकेको स्थानको रुपमा स्थापित गराउन सफल भएको र चलचित्र विकास बोर्डका अध्यक्ष श्री भुवन के.सी ज्यू र वरिष्ठ चलचित्रकर्मी श्री आकाश अधिकारीज्यूले गुराँस पर्यटन संवाद कार्यक्रममा गुराँस गाउँपालिकालाई चलचित्र छायाँकनको गन्तव्यको रुपमा आवश्यक पहल गर्ने प्रतिबद्दता जनाउनु भएकोमा हार्दिक धन्यवाद दिँदै उक्त कार्यक्रममा सह-आयोजकको रुपमा स्थान दिए बापत आयोजक रेडचेरी मिडिया प्रा.लि लाई दुई कार्यक्रमको क्रमश सम्झौता अनुरुप रु. ९५ हजार र रु. ५० हजार रकम गुराँस पर्यटन क्षेत्र घोषणा कार्यक्रम शीर्षकबाट भुक्तानी दिने निर्णय गरियो।

निर्णय नं. २२

क) नेपाल रेडक्रस सोसाइटी आँखा अस्पताल सुर्खेतसंगको समन्वयमा गुराँस गाउँपालिकामा मिति: २०८१।०१।०९ देखि २०८१।०१।१६ सम्म सञ्चालित आँखा शिविरबाट ७८३ जना गुराँसवासीले लाभ लिएको र ८४ जनाको मोतिबिन्दुको निःशुल्क अपरेशन भई कार्यक्रम अत्यन्त प्रभावकारी रुपमा सम्पन्न भएको हुँदा स्वास्थ्य शाखा लगाएत नेपाल रेडक्रस सोसाइटीलाई धन्यवाद दिने निर्णय गरियो।

ख) गुराँस बहुमुखी क्याम्पस, पातिकान्लाको जग्गा प्राप्तिका सम्बन्धमा सम्वन्धित वडा अध्यक्ष र जग्गादाता संग समेत आवश्यक छलफल गरि स्तलगत अनुगमन गर्न\गराउन पर्ने भएकोले यथासिघ्र स्थलगत अवलोकन गरि जग्गा प्राप्तिको प्रकृया अघि बढाउने निर्णय गरियो।

ग) यस गाउँपालिका अन्तर्गत रहेका विभिन्न सहकारीहरुको विधान अनुरुप कार्य भईरहेको वा नरहेको, नियमति लेखापरिक्षण भए\नभएको, कोपोमिश प्रणालीमा आवद्द भए\नभएको लगाएय विविध विषयमा कार्यालयसंग प्रयास जानकारी तथा विवरण नभएको पाइएकाले सहकारीसंग सम्वन्धित कामकाजहरु प्रभावकारी बनाउन, यस आ.व. भित्रै सम्पुर्ण सहकारीहरुको विवरण अध्यावधिक गर्ने निर्णय गरियो।

घ) आ.व.२०८०।८१ को वैकल्पिक उर्जा कार्यक्रम अन्तर्गत गाउँकार्यपालिका परिसर तथा गुराँसे बजार क्षेत्रका आवश्यक र संवदेनशिल क्षेत्रमा सोलार बत्ती जडान गर्ने निर्णय गरियो ।

दिनेश दाहाल
नि. प्रमुख प्रशासकीय अधिकृत

टोप बहादुर बि.सी.
अध्यक्ष

ङ) सहयात्रा तेस्रो परियोजना र यौनिक तथा लैङ्गिक अल्पसंख्यक बालबालिका र युवाहरुको अधिकार संरक्षण र समावेशिता प्रवर्धन परियोजना कार्यान्वयनका लागि सोसेक नेपालले पेश गरेको समझदारी पत्रलाई अनुमोदन गर्ने निर्णय गरियो।

च) भारतीय दुतावासमा प्रस्ताव पेश भएको मालिका मा.वि. गुराँस-८ घेरबार योजनाको कुल लागतमा पालिकाको तर्फबाट २०% लागत सहभागिता गर्ने निर्णय गरियो।

छ) चालु आ.व.को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत बाखा पकेट क्षेत्र विकास कार्यक्रमको निरन्तरताका लागि पालिकाको अनुमगन समितिको प्रतिवेदनका आधारमा आवश्यक निर्णय लिन सम्बन्धित शाखालाई निर्देशन दिने निर्णय गरियो।

ज) कृषि शाखाबाट पेश भए बमोजिम मासु प्रवर्धनका लागि तपसिल अनुसार प्रति पशु अनुदान रकम तोक्ने निर्णय गरियो।

| क.स | बिक्री भएको तर्फ | अनुदान | क.स | मौजुदा रहेको तर्फ | अनुदान |
|---|---|---|---|---|---|
| १. | भेडा / बाखा(खसी) | रु.२० / के.जी | १. | भेडा / बाखा(खसी) | रु.१०० / के.जी |
| २. | बङ्गुर | रु. १५ / के.जी | २. | बङ्गुर | रु. ३०० / के.जी |
| ३. | राँगो | रु. १५ / के.जी | ३. | राँगो | रु. १००० / के.जी |

झ) गुराँस गाउँपालिकाको स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत, यहि जेष्ठ १३ देखि जेष्ठ २१ सम्म सबै वडामा निःशुल्क पशु स्वास्थ्य शिविर संचालन गर्न पशुपंक्षी विकास शाखालाई जिम्मेवारी दिने निर्णय गरियो।

अन्त्यमा, गुराँस गाउँकार्यपालिकाको ३२औं बैठक १६ जना कार्यपालिका सदस्यज्युहरुको उपस्थितिमा माथी उल्लेखित एजेण्डाहरु उपर गहन छलफल गरि, सर्वसम्मत रुपमा निर्णयमा पुग्दै अत्यन्त सौहार्द रुपमा सम्पन्न भई, बैठकमा उपस्थित कार्यपालिका सदस्यज्युहरुलाई आवास, खाना तथा यातायातको व्यवस्थापनको लागि कार्यालयलाई जिम्मेवारी दिंदै अध्यक्षज्युबाट समापनको जानकारी भयो।

दिनेश दाहाल
नि. प्रमुख प्रशासकीय अधिकृत

दीप बहादुर वि.सी.
अध्यक्ष